अनुसूचि १

मिति २०६८।८।८ गते नेपाल सरकारको तर्फबाट मा. शान्ति तथा पुनर्निर्माण मन्त्रीज्यू र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य समूह) का वार्तांटोलीका प्रतिनिधिहरुसंग भएको ५ बुँदे सहमतिका बुँदाहरु :–

१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (कौटिल्य) ले राखेका विस्तृत नीतिगत मागहरु संविधानसंग सम्बन्धित भएकोले संविधान निर्माण संगै सम्बोधनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

२. मोर्चाका वार्तांटोलीका सदस्यहरुलाई वार्ताको क्रममा आवश्यक भरपर्दो सुरक्षा उपलब्ध गराउने ।

३. मोर्चाले हाल आफूसंग भएका भनिएका २० (विस) थान हात हतियार मिति २०६८।९।५ मा नेपाल सरकार समक्ष बुझाउने । हतियार वुझाउने स्थान आपसी सहमतिमा तय गर्ने।

४. मोर्चाका वार्तांटोलीमा रहेका नेता एवं मिति २०६८।८।५ मा प्रस्तुत गरिएका अन्य नेता तथा कार्यकर्ताहरुको रिहाइको प्रक्रिया थालनी गर्ने । मोर्चाले अवाञ्छित गतिविधि नगर्ने, गरेमा प्रचलित कानून वमोजिम कारवाही गर्ने।

५. कारागार सुधारका प्रतिवेदन क्रमशः लागू गर्दै जाने ।

सचिव